# भारतीय राजदूतावास

# काठमाडौं

## प्रेस विज्ञप्ति

काठमाडौंस्थित भारतीय राजदूतावासले 'भारत-नेपाल एलम्नाइ सञ्जालः सम्पर्क' सँगको सहकार्यमा यहि मिति २०७७ चैत्र १५ गतेका दिन 'Re-imagining Education, Innovation and Sustainability in the Himalayas' विषायक एक संवाद कार्यक्रमको आयोजना गर्यो ।

सो संवाद कार्यक्रमका मुख्य वक्ताका रुपमा सोनाम वाङचुक हुनुहुन्थ्यो । भारतको केन्द्र शासित क्षेत्र लद्दाखमा गरेका अग्रगामी कार्यबाट आफ्नो छुट्टै पहिचान बनाउन सफल सोनाम वाङचुक एक इन्जिनियर, इनोभेटर, सामाज सुधारक र शिक्षा क्षेत्रका अगुवाका रुपमा परिचित हुनुहुन्छ ।

स्थानीय आवश्यकता र विशेष गरी हिमाली समुदाय अनुकुल एवम् उपयोगी सीप तथा नवीन प्रयासको प्रवर्धनमा केन्द्रित विभिन्न कार्यक्रममा भाग लिन वाङचुक हाल नेपाल भ्रमणमा हुनुहुन्छ ।

संवाद कार्यक्रममा वाङ्चुकका साथमा सफल लेखक, प्रकाशक तथा सम्पादकका रुपमा परिचित श्री कनकमणि दीक्षित हुनुहुन्थ्यो ।

हिमालय क्षेत्र र त्यहाँ रहेका समुदायका कठिनाइ र जटिलताहरुलाई महसुस गर्दै यस संवाद कार्यक्रमको परिकल्पना गरिएको हो ।

आफ्नो मन्तव्यका क्रममा नेपालका लागि भारतीय राजदूत महामहिम विनय मोहन क्वात्राले हिमाल र त्यहाँका पर्यावरणले हाम्रा सभ्यतालाई सदियौंदेखि जीवित राख्दै आएको र हाम्रा संस्कृति, रहनसहन एवम् आर्थिक भविष्य पनि त्योसँगै जोडिएको उल्लेख गर्नुभयो । वहाँले तीव्र जलवायु परिवर्तन र त्यसले पारिस्थिति प्रणालीमा पार्ने प्रतिकूल असरले यस उपमहाद्वीपको भविष्यलाई पनि धराशयी बनाउने बताउनुभयो । त्यसैले दिगोपनको समाधानका लागि हातोमालो गरि अघि बढ्नुपर्नेमा क्वात्राले जोड दिनुभयो ।

दिगोपनको समस्यालाई अलग्गै रुपमा हेर्न नमिल्ने बताउदै राजदूत क्वात्राले शिक्षा तथा उद्यमशीलता र युवा पुस्तासँग यसको अन्तर्निहित सम्बन्ध रहेको कुरा प्रष्ट पार्नुभयो । विकासका प्रयासलाई अझ वातावरण मैत्री, समतामूलक एवम् अझ दिगो बनाउने उद्देश्यका साथ अघि बढिरहेको अवस्थामा हाम्रा युवा पुस्ता, हाम्रा शिक्षक तथा मागदर्शक र नवीन सोच भएका जमाततर्फ ध्यान दिन उचित हने वहाँले बताउनुभयो ।

यस संवाद कार्यक्रमको मुख्य उद्देश्य भन्नु नै हाम्रा साझा चुनौतीहरुलाई पहिचान गरी त्यसको सामना तथा समाधान गर्न एक अर्काको अनुभवबाट सिक्दै युवा जमातलाई त्यसतर्फ उत्तरदायी बनाउनु रहेको छ ।

कार्यक्रममा वाङचुकले सिंचाई, ग्रामीण शिक्षा एवम् सफा उर्जाका विषयमा आफ्ना अनुभव सुनाउनुका साथै समुदाय स्तरमा आफ्नै प्रयासमा समस्यको समाधान खोज्न प्रोत्साहन गर्नुभयो । साथै वहाँले बालबालिकाहरुलाई मौलिक तथा परम्परागत ज्ञान र सीपतर्फ पनि प्रेरित गर्नुपर्ने बताउनुभयो ।

सो कार्यक्रममा युवा उद्यमी, शिक्षा क्षेत्रका अगुवा, प्राज्ञिक व्यक्तित्वहरु, वातावरणसँग सम्बन्धित अगुवाहरु र दिगोपनाका क्षेत्रमा कार्यरत व्यक्तिहरुको उपस्थिति थियो । साथै भारतका विभिन्न शैक्षिक संस्थामा अध्ययन गर्नुभएका एवम् 'भारत-नेपाल एलम्नाइ सञ्जालः सम्पर्क' सँग आवद्ध प्रवुद्ध नेपाली एलम्नाइहरु पनि कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

यस कार्यक्रमसँगै India@75 उत्सवको प्रारम्भ भएको छ । भारतले आफ्नो अस्तित्वको ७५ औं वर्ष पार गरेको ऐतिहासिक अवसरमा विभिन्न कार्यक्रम श्रृंखलाबद्ध रुपमा वर्ष २०२३ को अगस्त महिनासम्म जारी रहनेछ । यो 'India@75' उत्सवले नेपाल जस्तो हाम्रो मित्र तथा छिमेकीसँगको सम्बन्धको महत्वलाई थप उजागर गर्नेछ ।

करिब एक घण्टासम्म चलेको सो संवाद कार्यक्रम अंग्रेजी र नेपाल दुवै माध्यममा सञ्चालन गरिएको थियो । कार्यक्रमको उत्तरार्धमा दर्शकसँगको अन्तर्क्रिया पश्चात फोटो शेसन र रात्री भोजको आयोजना गरिएको थियो ।